## कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था

धनुषा । ०७७ वैशाख ३ गते

विश्वभर फैलिरहेको कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्न प्रदेश २ सरकार र स्थानीय तहहरूबाट प्रयासहरू भइरहेका छन् ।

प्रदेश २ सरकारले संसदीय विकास कोष खारेज गर्ने भएको छ । संसदीय विकास कोष खारेज गरेर बचत हुने रकम कोरोना भाइरस महामारी विरूद्धको गतिविधिमा खर्च गर्ने प्रदेश सरकारले तयारी थालेको जनाएको छ ।

विश्वव्यपी महामारीको रुपमा रहेका कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि बढी भन्दा बढी व्यक्तिको परीक्षण गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गरी प्रदेश २ अन्तर्गतका जिल्लाहरुमा र्‍यापीड डाइग्नोष्टिक टेस्टलाई तिब्रता दिइएको छ ।

खुल्ला सीमा नाकाका कारण अहिले पनि भारतबाट लुकिछिपि आउने क्रम जारी छ । बैशाख ३ गते विहान ३ बजे भारतको कन्हवा बोर्डरको एसएसपीको क्वाइरेन्टाइनबाट भागेर नेपाल छिरेका ११ जनालाई महोतरीको गौशाला स्थित त्रिभुवन मावि गौशालामा रहेको क्वाइरेनटाइनमा राखिएको छ ।

अहिले विश्वभर महामारीको रुपमा फैलि रहेको कोरोना (कोभिड-१९) सङ्क्रमणलाई नियन्त्रण र न्यूनिकरण गर्न ग्रामीणबासी आ-आफ्नो टोललाई नै लकडाउन गर्नतर्फ लागेका छन् । ग्रामीणबासीहरूले टोलको प्रवेशद्वारमा कतै काठको मुढा त कतै बाँसले घेरा लगाएर टोल प्रवेश निषेध गर्दै लकडाउनलाई प्रभावकारी बनाउन तर्फ लागेका छन् ।

राहतमा ढिलाई भएका कारण श्रम गरेर दैनिक जिवनयापन गर्ने गरिब तथा अतिविपन्नहरू मार्कामा परेको सूचना प्राप्त भइरहेको छ ।

परीक्षण बिनानै कोरोना सङ्क्रमित देखिएको रौतहटको ईशनाथ नगरपालिकाको क्वारेन्टाइनबाट सात दिन अघि ११ जनालाई घर फर्काइएको छ ।

साथै कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि जिल्ला जिल्लामा भएको प्रयास तथा लकडाउन सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिमार्फत बैशाख ३ गते प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था यसप्रकार छ ।

**सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार र्‍यापीड डाइग्नोस्टिक टेष्ट (आरडिटी) परीक्षणको क्रममा कोरोना पोजिटिभ देखिएका तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठी र खडक नगरपालिका- ११ बनौलीका २ नेपालीको पीसीआर विधिबाट भएको स्वाब परीक्षणको रिपोर्ट वैशाख ३ गते नेगेटिभ आएको छ ।

बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा वैशाख ३ गते गरिएको स्वाब परीक्षण नेगेटिभ आएको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले बताउनु भयो । वैशाख २ गते राति राजविराजस्थित अस्पतालले आरडिटी प्रविधिमार्फत भारतको दिल्लीस्थित निजामुद्दीन मरकजबाट आएका सात जना जमातीको एण्टिबडी परीक्षण गर्दा दुई जनाको रिपोर्ट पोजिटिभ देखिएको थियो ।

वैशाख २ गते परीक्षण गर्न नआएका राजविराज नगरपालिका-१० बिरौलका एक जमातीको बैशाख ३ गते आरडिटी परीक्षण गरी स्वाब परीक्षणका लागि धरान पठाइएको छ । उहाँको आरडिटी परीक्षणमा रिपोर्ट नेगेटिभ आएको छ । अस्पतालले यो समेत १८ जनाको स्वाब परीक्षणका लागि धरान पठाएकोमा १७ जनाको नेगेटिभ आएको र वैशाख ३ गते पठाएको एक जनाको रिपोर्ट वैशाख ४ गते आउने अस्पतालले जनाएको छ ।

यसैगरी अस्पतालले वैशाख ३ गते गतेसम्म २९ जनाको आरडिटी किटबाट परीक्षण गरेको छ। जसमा २७ जनाको रिपोर्ट नेगेटिभ आएको छ । पोजिटिभ आएका दुई जनाको रिपोर्ट पिसिआर प्रविधिबाट वैशाख ३ गते नेगेटिभ आएपछि सप्तरीवासीले थोरै राहत महसुस गरेका छन् ।

भारतको दिल्लीस्थित निजामुद्दीन मरकजबाट सहभागी भई फर्किएका आठ जना क्वारेन्टाइनमा नबसी घरमा बस्दै आएकोमा उहाँहरूलाई खडक नगरपालिकास्थित क्वारेन्टाइनमा पठाइएको छ ।

भारतको दिल्लीस्थित निजामुद्दीनको मरकजबाट फर्किएका दुई जना नेपालीको र्‍यापीड डाइग्नोस्टिक (द्रुत परीक्षण) परीक्षणमा पोजिटिभ फेला परेपछि वैशाख ३ गते उहाँहरू बसोबास गरेको तिलाठी कोइलाडी गाउँपालिका- १ तिलाठी र खडग नगरपालिका- ११ बनौलीस्थित घरसहित आसपासको क्षेत्र सिल गरिएको थियो ।

तब्लिगी जमातद्वारा आयोजित दिल्लीको निजामुद्दीनस्थित मरकजबाट फर्केका खडग नगरपालिकाका तीन, सुरूङ्गा नगरपालिका, तिलाठी कोइलाडी, अग्नीसाइर कृष्ण सवरण र बिष्णुपुर गाउँपालिकाका एक-एक जना गरी सात जनाको बैशाख २ गते राति आरडिटीबाट द्रुत परीक्षण गर्दा दुई जनाको रिपोर्ट पोजिटिभ आएको थियो । पोजिटिभ फेला परेपछि जिल्ला सुरक्षा समितिको बैशाख ३ गते बसेको बैठकले उहाँहरू बसोबास गरेको घरसहित आसपासको क्षेत्रलाई शिल गर्ने र कन्ट्याक्ट ट्रेसिङ्ग गर्ने निर्णय समेत गरेको थियो ।

स्वास्थ्य कार्यालय सप्तरीका अनुसार एन्टीबडी पोजेटिभ आएकाहरूको पारिवारका सदस्यको पनि द्रुत परीक्षण किटबाट कोरोना परीक्षण गरिने भएको छ । रिपोर्ट पोजेटिभ आएका तिलाठी कोइलाडीका जमातीलाई मोटरसाइकलमा ल्याउने चालक र दिल्लीको निजामुद्दीनबाट आएका राजविराज नगरपालिका-१० बिरौलका एक जमातीसहित आठ जनाको बैशाख ३ गते गरिएको आरडिटी परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको अस्पतालका वरिष्ठ कन्सल्टेन्ट जनरल फिजिसियन डा. रणजित झाले जानकारी दिनु भयो । नेगेटिभ रिपोर्ट आए पनि एक जमातीको स्वाब सङ्कलन गरी पीसीआर विधिबाट परीक्षण गर्न वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ ।

राजविराजस्थित अस्पतालमा सञ्चालित 'फिभर क्लिनक'मा बैशाख ३ गतेसम्म १ सय ५२ पुरूष र १ सय ६ महिलासहित २ सय ५८ जनाको ज्वरो परीक्षण गरिएको छ ।

यसैगरी राजविराजबाहेक अन्य विभिन्न स्थानीय तहमा वैशाख ३ गतेसम्म १२ महिला र ९९ पुरूषको आरडिटी किटबाट द्रुत परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार परीक्षण गरिएका १ सय ११ जनाकै  रिपोर्ट नेगेटिभ आएको छ ।

यो परीक्षण कञ्चनरूप, हनुमाननगर ककांलिनी, बोदे बर्साइन, खडक र डाक्नेश्वरी नगरपालिका तथा तिलाठी कोइलाडी, अग्नीसाइर कृष्णसवरण, महादेवा, राजगढ र बलान बिहुल गाउँपालिकाको क्वारेन्टाइनमा बसेकाहरूको गरिएको हो ।

सप्तरीमा रहेका ३२ जनामध्ये ६ ओटा क्वारेन्टाइनमा वैशाख ३ गते ३९ जना पुरूष थप भएका छन् । खडक नपा-९ स्थित स्वास्थ्य चौकी मैना सहश्रबाहुमा २६, कञ्चनरूप नपा-१ स्थित लक्ष्मीनारायण मावि वैरवामा नौ, बोदे बर्साइन नपा-५ स्थित चन्द्र नमूना मावि, छिन्नमस्ता गाउँपालिका-३ स्थित चौरसिया धर्मशाला, तिलाठी कोइलाडी गाउँपालिका-८ स्थित लक्ष्मी बल्लभ नरसिंह मावि र बलान बिहुल गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी मल्हनियामा एक-एक जना पुरूष गरी ३९ जना थपिएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरी राजविराजस्थित क्वारेन्टाइनबाट ११ पुरूष र राजगढस्थित क्वारेन्टाइनबाट दुई जना पुरूषलाई बैशाख ३ गते निगरानी अवधि पुगेको भन्दै घर पठाइएको छ । क्वारेन्टाइनहरूमा बस्नेको सङ्ख्या बैशाख ३ गते पुनः बढेर तीन महिला र २ सय ३३ पुरूष भएका छन् ।

**सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको चैत २८ गते सम्म ६१ जनाको स्वाबको नमूना सङ्कलन गरीएको थियो । जसमध्ये महेन्द्र गेनाई आइसुलेसन अस्पतालमा चार जनाको स्वाब सङ्कलन र लक्ष्मीपुर पतारी गाउँपालिकामा ११ जनाको स्वाब सङ्कलन चैत २७ गते गरीएको थियो । स्वाब सङ्कलन गरीएका १५ जनाकै नतिजा बैशाख ३ गते नेगेटिभ आएको प्रमुख यादवले बताउनु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भयो । उहाँका अनुसार केही व्यक्तिहरू क्वारेन्टाइनमा बसेर गइसकेका छन् भने बैशाख ३ गतेसम्म १५ जना महिला १ सय १५ जना पुरूष गरी १ सय ३० जना बसीरहेको बताउनु भयो । त्यसैगरी होम क्वारेन्टाइनमा पाँच महिला सहित १ सय १२ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

जिल्ला प्रहरी कार्यालय सिरहा अर्न्तगत रहेको लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल सदस्य इन्सेक पनि रहेको र लामो समयदेखि लकडाउनले गर्दा महिला माथि हुने हिंसाको घटनाहरू बाहिर आउन नसकेको अवस्थामा महिला हिंसा नियन्त्रण गर्न सञ्जालको बैठक बैशाख ३ गते बस्यो । बैठकमा इन्सेक जिल्ला प्रतिनिधि दुर्गा परियार, ओरेककी देवकुमारी महरा, भिएसओका सुनिलकुमार साह, मुक्ति नेपालकी श्यामकुमारी साह, समग्रजन उत्थान केन्द्रका रामभरोसी साह लगायतका मानवअधिकार कर्मीहरू तथा जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी उमाप्रसाद चतुर्वेदी, स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादव लगायतकाहरूले जिल्लामा महिला हिंसाका घटनाहरूलाई तदारूकताका साथ हेर्ने, मनोसामाजिक विमर्शकर्ता चाहिए जिल्लामा रहेका मनोसामाजिक विमर्शकर्ताहरूलाई सम्पर्क गर्ने, रेडियो तथा पर्चा पम्प्लेट मार्फत महिलाहरूलाई कुनै समस्या आए फोन मार्फत जानकारी गराउन सूचना जारी गर्ने र जिल्लामा छुट्टै महिला क्वारेनटाइन बनाउन पहल गर्ने जस्ता विषयहरूमा छलफल गरिएको थियो ।

साथै प्रमुख जिल्ला अधिकारी सरोज गुरागाइलाई भेटी कोरोना रोकथामको बारेमा परामर्श गरीएको थियो । त्यसैगरी लहान नगरपालिका अन्तर्गत रहेको क्वारेनटाइनको अनुगमन पनि गरिएको थियो ।

**धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार जिल्ला सहकारी संस्थाहरूले सर्वसाधारण जनतालाई सहज र सस्तो मूल्यमा तरकारी विक्री अभियान सञ्चालन गरेको छ । कोरोना भाइरसलाई नियन्त्रण तथा आफू बच्न र बचाउनका लागि सरकारले लगाएको लकडाउन पश्चात् तरकारी लगायतको मूल्य आकाशिएपछि सहकारी संस्थाहरूले सो अभियान सञ्चालनमा ल्याएका हुन् ।

जिल्ला सहकारी संस्थाहरूले जनकपुरधामको विभिन्न चोकहरूमा घुमेर घुम्ती सेवा प्रदान गरिरहेकोछ । तरकारीको घुम्ती सेवा सर्वसाधारणहरूको टोल टोलमा गएर बजारमा भन्दा अति सस्तो मूल्यमा उपलब्ध गराइरहेको सहकारी अभियन्ता सञ्जय साहले बताउनु भयो ।

नेपाल केन्द्रीय मत्स्य सहकारी सङ्घ लिमिमेडका केन्द्रीय उपाध्यक्ष समेत रहनु भएका साहले जनकपुरको कदमचोक, मिल्स एरिया, भानुचोक, पिडारीचोक र जिरो-माइल चोक लगायतमा घुम्ती तरकारी सेवा सुरू गरेको जानकारी दिनु भएको छ ।

६३ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा टोल टोलमा तरकारी सेवा प्रदान गरिएको छ । रेल्वे स्टेशन नजिक एक स्टोर खोलेर सहुलियत दरमा तरकारी उपलब्ध गराउने योजना रहेको साहले बताउनु भयो ।

उहाँले भन्नु भयो-“हामी किसानको खेतबाट प्रत्यक्ष रूपमा तरकारी ल्याउँछौं र बजारको भाउको ३० प्रतिशत कममा तरकारी उपलब्ध गराइरहेका छौं । यस्तोमा किसानको तरकारीले बजार पाएको छ ।”

प्रदेश नं. २ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहको विषेश पहलमा सो घुम्ती सेवा सञ्चालन गरिएको हो ।

राष्ट्रिय सहकारी बैंकका संचालक ध्रुवनारयण यादवको विषेश सहयोग र आयोजनामा उपभोक्ताहरूको सहजताको लागि धनुषा सहकारी सङ्घ र संस्थाको सहयोगमा सो योजना ल्याएको हो ।
जनकपुरको विभिन्न चोकमा प्रदेश नं. २ सदस्यहरूको तरकारी उत्पादन संकलन गरि जनकपुर सहित धनुषा जिल्लाका बजारमा विक्री वितरण गरिरहेको छ ।
योजना अन्तर्गत सहकारी सेन्टर पसल सञ्चालन गरी उपभोक्ताहरूको आवश्यकतालाई पुरा गरिरहेको र बजारमा काउली ५० रुपियाँ हुँदा घुम्ती तरकारी सेवाले मात्र २५ रुपियाँमा उपलब्ध गराउँदैछ ।
सहकारीका केन्द्रीय उपाध्यक्ष सञ्जय साहका अनुसार बजारको मूल्यभन्दा जहिले पनि ३० देखि ५० प्रतिशत कममा उपलब्ध हुने भएको छ । उहाँले बजारमा भाउ घटाइए सोही अनुरूप आफूहरू पनि घटाएर दिने बताउनु भयो ।
**महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार महोत्तरीको औरही नगरपालिकाको क्वारेन्टाइनमा रहेका १३ जना मध्ये ११ जनालाई बैशाख ३ गके घर फर्काइएको छ । रामगोपालपुर प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा.निहारकुमार दासले दिएको जानकारी अनुसार र्‍यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) किटबाट कोरोना भाइरस परीक्षण गर्दा ११ जनाको रिपोर्ट नै नेगेटिभ आएपछि होम क्वारेन्टाइनमा बस्ने गरि सबैलाई पठाइएको बताउनु भयो ।
औरही नगरपालिकाका स्वास्थ्य संयोजक बालबोध यादवले दुई साता अघि भारतबाट उनीहरू गाउँ पसेका थिए । गाउँ पसेपछि उनीहरूलाई १४ दिनसम्म औरही स्वास्थ्य चौकीमा बनाइएको क्वारेन्टाइनमा राखिएको थियो ।
स्वास्थ्य सह-संयोजक रबिन्द्र यादवले क्वारेन्टाइनमा जम्मा १३ रहेकोमा दुई जना ढिला भर्ना गरिएको हुँदा उनीहरूको परीक्षण गर्न बाँकी रहेको बताउनु भयो ।
औरही स्वास्थ्य चौकी इन्चार्ज रामचन्द्र यादवले आरडिटी किटबाट ल्याब टेक्निसियन बिनय पाण्डेले गरेको चेक जाँचको क्रममा ११ जनालाई कोरोना नेगेटिभ देखिएपछि लक डाउनको अवधिमा घर भित्रै बस्ने गरी (होम क्वारेन्टाइन) आज घर पठाइएको बताउनु भयो ।
भारतको कन्हवा बोर्डरको एस.एस.पी.को क्वारेन्टाइनबाट बैशाख ३ गते बिहान ३ बजे भागेर नेपाल छिरेका ११ जनालाई महोतरीको गौशाला स्थित त्रिभुवन मावि गौशालामा रहेको क्वारेन्टाइनमा तत्कालका लागि राखिएको गौशाला नगरपालिकाका नगरप्रमुख शिवनाथ महतोले जानकारी दिनु भएको छ । ११ जना एका-बिहानै भारतबाट गौशालाको क्वाइरेन्टाइनसम्म आएर वडा नं. ३ का वडा अध्यक्षको सम्पर्कमा आएपछि वडा अध्यक्षले नै गौशालाको क्वारेन्टाइनमा ल्याएको र ती सबै जना नेपाली रहेको मेयर महतोले बताउनु भयो । ११ जना मध्ये नौ जना गौशाला नगरपालिकाका, एक जना लोहरपट्टी नगरपालिकाका र एक जना सप्तरी जिल्लाका रहेका छन् ।
यसैबिच बैशाख ३ गते गौशाला स्थित मावि रजखोर क्वारेन्टाइनमा रहेको पाँच जनालाई आफ्नो घर पठाइएको छ । उहाँहरूलाई १६ दिनपछि चेक जाँच गर्दा नेगेटिभ देखिएकोल आज घर पठाइएको मेयर महतोले जानकारी दिनु भयो ।
सरकारले देशलाई लकडाउनको आह्वान गरेको खासै वास्ता नगरेका गाउँघरका स्थानीयले अहिले प्रदेश २ मा पनि कोरोना पोजिटिभ देखिए पछि गम्भीर बनेका छन् । महोत्तरीको औरही नगरपालिकाको वडा नं.१ को सीमा क्षेत्रमा पर्ने मुल सडकमा काठको मुडाले छेकेर टोललाई लकडाउन गरेका हुन् ।
टोलमा अनावश्यक व्यक्ति र अपरिचित व्यक्तिको आवागमन रोक्न टोलको विभिन्न ठाउँमा काठको मुडा राखेको स्थानीय समाजसेवी र राजनीतिकर्मी युवाहरू सरकारद्वारा घोषित लकडाउनलाई पूर्णरूपमा कार्यान्वयन गराउनका लागि विशेष पहलकदमी लिएका छन् ।

कारोना भाइरसको सङ्क्रमणको समयमा पनि आवतजावतमा कमी नआएपछि टोल टोललाई लकडाउन गर्नेतर्फ स्थानीयहरू अग्रसर भएका छन् ।
टोलको मुख्य प्रवेशद्वारमा काठको मुढा राखेका छन् भने कहिकहि बाँसको घेरा लगाएर अवरूद्ध गरेको वडा नं. १ का वडा अध्यक्ष राजकिशोर चौधरीले बताउनु भयो ।
अपरिचित एवम् अनावश्यक रूपमा मानिसहरूलाई आवतजावतमा रोक लगाउनका लागि यो भन्दा अन्य विकल्प नहुने स्थानिय नरेन्द्र यादवको बुझाई रहेको छ ।
त्यस्तै औरही बजार एक हप्ताका लागि पूर्णरूपमा ठप्प पार्ने सर्वदलीय वैठकले निर्णय गरेको यादवले जानकारी दिनु भयो ।
प्रदेश २ सरकारले संसदीय विकास कोष खारेज गर्ने भएको छ । संसदीय विकास कोष खारेज गरेर बचत हुने रकम कोरोना भाइरस महामारी विरूद्धको गतिविधिमा खर्च गर्ने प्रदेश सरकारले तयारी थालेको हो ।
कोरोना भाइरसको महामारी रोकथाम तथा नियन्त्रणका लागि आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमार यादवले सङ्घीय सरकारलाई बैशाख ३ गते नौ बुँदे सुझाव पत्र पठाउनु भएको छ । पत्रमा संसदीय विकास कोष खारेज गर्ने पनि उल्लेख छ ।
मन्त्री यादवले समेत संसदीय विकास कोष खारेज गर्ने स्पष्ट पार्नु हुँदै मन्त्री यादवले संसदमा बजेट वक्तव्य मार्फत संसदीय क्षेत्र विकास कोष खारेज गर्न सकिने र उक्त कोष खारेज गर्ने आन्तरिक तयारीमा सरकार जुटि सकेको बताउनु भएको छ ।
प्रदेश २ मा कूल १ सय ७ सांसदहरू छन् । जसमा ६४ जना प्रत्यक्ष निर्वाचित र ४३ जना समानुपातिक सांसद छन् । संसदीय क्षेत्र विकासका लागि प्रत्यक्ष निर्वाचित सांसदले ३ करोड र समानुपातिक सांसदले १ करोड रुपियाँ पाउँदै आएका छन् ।
उक्त कोष खारेज भएपछि २ सय ३५ करोड रुपियाँ बचत हुनेछ । उक्त रकमलाई कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि खर्चने मन्त्री यादवले बताउनु भयो । मन्त्री यादवले भन्नु भयो-'अहिले स्वास्थ्य क्षेत्रमा बढीभन्दा बढी रकम खर्च गर्नुपर्ने आवश्यकता छ । संसदीय विकास कोष खारेज भएपछि स्वास्थ्य क्षेत्रमै बढी लगानी गर्ने सोच छ ।'
प्रदेश २ मा यतिबेला कोरोना भाइरस सङ्क्रमितको उपचारका लागि चिकित्सा सामग्री र उपकरणको समेत अभाव देखिएको छ । त्यसैले पनि संसदीय विकास कोष खारेज गरी स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्नेमा सांसदहरू पनि सकारात्मक देखिएका छन् ।
**रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन फतुवाबिजयपुर नगरपालिकाले मानिसहरूको आवागमन पुर्णरूपमा बन्द गराउन अग्रसरता देखाएकोछ । रौतहटमै पहिलो पटक उक्त नगरपालिकामा कार्यपालिकाबाटै एक गाउँबाट अर्को गाउँमा जान नपाइने निर्णय भएको छ । नगर प्रमुख गोपाल यादवले ग्रामीण भेगमा मानिसहरूको चहलपहल नरोकिएकाले वडा अध्यक्ष कार्यपालिका सदस्यहरू सहीतको बैठकले प्रत्येक गाउँको बाटो बन्द गर्ने निर्णय गरेका बताएका छन् । नगरक्षेत्र अर्न्तगतको प्रत्येक गाउँको बाटोमा बार लगाएर आवागमन अबरूद्ध गरीएको तर प्रहरी, एम्बुलेन्स र प्रेसको गाडी तथा दमकललाई निषेध नगरीएको फतुवाबिजयपुरका मेयर यादवले बताउनु भयो ।
लकडाउनबाट मुख्य रूपमा मध्यम वर्गीय समुदायमा बढि असर परेको छ । नेपाल सरकारले बैशाख १५ गतेसम्मको लागि लकडाउन थपिएको र यता छिमेकी राष्ट्र भारतले ३ मे अर्थात् बैशाख २१ गतेसम्म कडाइका साथ लकडाउन गरीने घोषणासँगै आमनागरिकमा त्रासको वातावरण बनेको छ । उक्त

त्रासको असर मध्य वर्गीयले भोग्नुपरेको प्रति नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष रबिन्द्रप्रसाद साहले चिन्ता व्यक्त गर्नु भएको छ ।

लकडाउनमा गरीब व्यक्तिलाई अति आवश्यक सामग्री हरेक क्षेत्रबाट सहयोग छ, यता धनि व्यक्तिको कुनै चिन्ता नै छैन, कालाबजारी त्यत्तिकै मौलाएकोमा सबभन्दा बढी पीडा मध्ययम वर्गीय व्यक्तिले व्यहोर्नु परेको विषयमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको ध्यानाकर्षण हुनुपर्ने महासङ्घ रौतहटका अध्यक्ष साहको भनाई रहेको छ । लकडाउनले केहि कलाबजारीयाको लागि सुनमा सुगन्ध थापिदिएको छ, यसतर्फ पनि स्थानिय प्रशासन र उद्योग वाणिज्य सङ्घको ध्यानाकर्षण होस् भनी अध्यक्ष साहले बताउनु भएको छ ।

त्यसैगरी, परीक्षण बिनानै कोरोना सङ्क्रमित देखिएको रौतहटको इशनाथ नगरपालिकाको क्वारेन्टाइनबाट सात दिन अघि ११ जनालाई घर फर्काइएको खुलेको छ । गत चैत २७ गते ईशनाथ नगरपालिका–४ स्थित औरैयामा रहेको माध्यामिक विद्यालयको क्वारेन्टाइनमा बसेको १४ दिनको अवधि गणना गरेर ११ जनालाई घर फर्काइएको पाइएको छ । भारतबाट फर्केका ती ११ जनालाई चैत १२ गतेदेखि क्वारेन्टाइनमा राखिएको थियो ।

०७७ बैशाख १ गते क्वारेनटाइनमा बस्दै आएका ईशनाथ नगरपालिका–५ मोतिपुरका एक १९ वर्षीय युवकलाई कोरोना भाइरसको सङ्क्रमण देखिएपछि घर फर्काइएका ११ जनाको स्वाब परीक्षण गरीने फोकल पर्सन हरेन्द्र गुप्ताले बताउनु भएको छ । कोरोना सङ्क्रमणको लक्षण नदेखिएपछि १५ दिन क्वारेन्टाइनमा बसेको हुनाले ११ जनालाई परीक्षण नगरीकनै घर फर्काइएको निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले बताउनु भयो । उहाँका अनुसार प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरबाट स्वाब परीक्षणका लागि चिकित्सकको टोली नआएपछि १४ दिनको बसाई अवधिलाई आधार मानेर प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेको अनुमतिमा उनीहरूलाई घर फर्काइएको बताउनु भयो । क्वारेन्टाइनमा बसेका एक जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि उक्त नगरपालिकाका बासिन्दा त्रसित रहेका छन् । परीक्षण नगरीकनै घर फर्काउनु गैर जिम्मेवारी कार्य भएको आरोप स्थानियले लगाएका छन् । प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले क्वारेन्टाइनको प्रटोकल पुरा गरेको र साधनको अभावले त्यतिखेर परीक्षण गर्न नसकिएको बताउनु भयो । उक्त क्वारेन्टाइनमा हाल २८ जना बस्दै आएका छन् ।

त्यसैगरी, सरकारले समयमा राहत वितरण गर्न नसक्दा रौतहटको विभिन्न स्थानिय तहका अतिविपन्न परिवारहरू मर्कामा परेका छन् । कोरोना भाइरस नियन्त्रणको लागि सरकारले गरेको लकडाउनको तेस्रो सातासम्म पनि राहत दिन नसक्दा विपन्नहरू समस्यामा परेका हुन् । तीन साता लामो लकडाउनका कारण घरमा रहेको खाद्यान्न सकिएपछि समस्यामा परेको विपन्नहरूले गुनासो गरेका छन् । दिनभरी ज्यालादारी काम गरेर हातमुख जोड्न बाध्य सो क्षेत्रका अतिविपन्नहरू लकडाउनका कारण काम बन्द भएपछि समस्यामा परेका हुन् ।

लामो समयसम्म लकडाउन लम्बिएका कारण सरकारले दिने भनेको राहतसमेत नपुगेपछि उनीहरूको समस्या झनै चुलिएको छ । आफुहरूसँग भएको पैसा सकिएपछि पसलेले समेत उधारो दिन नमान्ने र बाहिर काममा पनि निस्कन सक्ने अवस्था नभएपछि आफुहरूलाई दुई छाक टार्ने धौधौ परेको स्थानिय श्रीराम पासवानले गुनासो गर्नु भयो । लकडाउन भएको २३ दिन बितिसक्दा पनि जिल्लाको गरूडा नगरपालिकाले कुनैपनि वडामा राहतको प्याकेज वितरण गर्न सकेका छैनन् । गरूडा नगरपालिको मात्रै नभएर राजपुर नगरपालिका, राजदेवी, दुर्गा भगवति र यमुनामाई लगायत स्थानिय तहले समेत विपन्नहरूको लागि राहत वितरण गर्न सकेका छैनन् । एकातिर काम गर्ने अवस्था नभएको र त्यस्तो अवस्थामा समेत स्थानिय सरकारले आफ्नो समस्या नसुनेको स्थानियको गुनासो छ ।

स्थानिय हरदेव महरा सरकारको गाउँगाउँमा सिंहदरबारको अवधारणा गरूडा र राजपुरमा लागु नभएको बताउँछन् । नगरपालिकाका मेयर तथा वडाअध्यक्ष समेतले आफुहरूको बारेमा कुनै चासो नराखेको उहाँको आरोप छ ।

त्यस्तै जिल्लाको राजपुर नगरपालिकाले राहतका सामानहरू खरिद प्रक्रिया अगाडि बढाएको जनाएको छ । प्रदेश सरकारले राहतका लागि पठाएको रकम समेत जिल्लाको स्थानिय तहहरूले खर्च गर्न सकेका छैनन् ।

**बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार सिम्रोनगढ नपा-७ कंकाली माविमा सञ्चालन भएको क्वारेन्टाइनमा कोरोनाको शङ्का लागेका १४ दिनदेखि बस्दै आएका पाँच जनालाई बैशाख ३ गते डा. जितेन्द्रप्रसाद यादवको नेतृत्वमा रहेका चिकित्कसले आर.टि.टि.किटबाट परीक्षण गर्दा नेगेटिभ देखिएको नगरप्रमुख बिजयशंकर यादवले बताउनु भएको छ ।

जितपुरसिमरा उमनपा-१५ सुन्दर बस्ती निवासी २८ वर्षीय दिलिप घले चार वर्षदेखि मानसिक रोगी र अपाङ्गलाई ०७६ चैत २९ गते राति अस्थायी प्रहरी पोष्ट रजघट्टाका असई शिव श्रेष्ठको कमाण्डमा रहेको प्रहरीले देब्रेहात, दायाँ खुट्टा र ढाडमा लाठी प्रहार गरी हात भाँचिदिएको ५० वर्षीया आमा फुलमाया घलेले आरोप लगाउनु भएको छ । उहाँले चार वर्षदेखि मानसिक असन्तुलनबाट रोगीछोराले भरतपुर क्यान्सर अस्पतालबाट नियमित औषधी खाइरहेकोमा नोवेल कोरोना भाइरस (कोभिड- १९)को कारा नेपाल सरकारले लकडाउनको घोषण गरेकाले अस्पताल जान नसकि औषधी खान छुटेका र रोग अरू बल्झेको बताउनु भयो ।

उहाँले मानसिक रोगी तथा अपाङ्गता भएका छोरालाई सामान्य मानिसले पनि बुझ्न सक्ने अवस्थामा पनि नागरिकको शान्ति सुरक्षमा खटिएका प्रहरी अधिकृतले बिचार नगरी लाठि चार्ज गर्नु साह्रै दुःखद भएको बताउनु भयो । उहाँले आफ्नो परिवार गरिब भएकाले छोराको हातको एक्स-रे गराउन र औषधी खुवाउन पैसा नभएको बताउनु हुँदै उपचारका लागि पहल गरि छोराको जीवन रक्षा गरिदिनु हुन इन्सेक बारालाई अनुरोध गर्नु भएको छ ।

लकडाउन उल्लङ्घन गरेकाले नियन्त्रणमा लिने प्रयास गर्दा भागेकाले बाध्य भएर लाठि चार्ज गरेको असई शिव श्रेष्ठले बताउनु भएको सञ्चारकर्मी बिदुर अड्काले बताउनु भयो । नेपाल प्रहरीले अति संवेदनशील भएर कार्य गर्न आवश्यक हुने र काम गर्दा केहि कमिकमजोरी भएमा सुधार गर्न पर्ने जानकारी दिँदै आवश्यक अनुसन्धान गर्ने जिल्ला प्रहरी कार्यालयका एसपी कृष्णप्रसाद पङ्गेनीले बताउनु भयो ।

नेपाल सरकारले घोषण गरेको लकडाउनको उल्लङ्घन गरी कोल्हबी नगरपालिकामा सिपमुलक तालिम दिने महागढीमाई नपा-१ का २५ वर्षीय प्रमोद राम र सोही नपा-६ बबुआइन का ३२ वर्षीय चानसि चौरसियालाई बैशाख ३ गते गिरफ्तार गरी आवश्यक अनुसन्धान भइरहेको असई बलिस्तर सिंहले बताउनु भएको छ । उहाँले यस्तो संवेदनशिल आवस्थामा स्थानीय महिलाहरूलाई जम्मा गराएर सिलाई कटाइतलिम दिनका लागि जम्मा हुँदै गरेको अवस्थामा तालिम रोक्न लगाएको बताउनु भयो ।

उहाँहरूलाई सार्वजनिक हित विरोधको अपराध मुद्दा अन्तर्गत अभद्र व्यवहारको मुदा दर्ता गरिएको प्रहरी प्रवक्ता डिएसपी गौतम मिश्रले बताउनु भयो । सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको डिएसपी मिश्रले जानकारी दिनु भयो ।

जितपुरपसिमरा उमनपा-२१ अमलेखगञ्ज बजारमा रहेको स्वास्थ्य चौकीले बैशाख ३ गते एक सूचना जारी गरेर अमलेखगञ्ज स्वास्थ्य चौकीबाट प्रत्येक महिनाको बैशाख ३ गतेदेखि ५ गतेसम्म जन्मेदेखि २३ महिना सम्मका बालबालिकाहरूलाई नियमित रूपमा प्रदान गरिँदै आएको खोप सेवा र गर्भवती महिलालाई दिइने खोप सेवा स्थगित गरिएको व्यहोरा सहीतको सूचना जारी गरी सेवा बन्द गरेको

अहेव अर्जुन श्रेष्ठले बताउनु भएको छ। उहाँका अनुसार उक्त सूचनामा ०७७ वैशाख ६ र ७ गते पाँच वर्ष मुनिका बालबालिकाहरूलाई खुवाउने भिटामिन-ए कार्यक्रम विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को कारण अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको व्यहोरा सबै जीतपुरसिमरा उमनपा-२१ र २२ का वान्सिदाहरूलाई जानकारी गराइन्छ भनिएको छ।

उक्त सूचनाका विषयमा वडा अध्यक्ष कृष्ण ठकुरीसँग जानकारी लिँदा उहाँले स्वास्थ्यका ६ जना कर्मचारी रहेकोमा एक दिन बिराएर आउने र हाजिरी सबै दिनको गर्ने गरेको प्रमाणका लागि फोटो आफुले राखेको बताउनु भयो। उहाँले यस कठिन परिस्थितीमा स्वास्थ्य सेवाका कर्मचारीको साथ चाहिएकोमा उहाँहरूको रबैया देखेर कहाँ जाने चिन्ता लागेको बताउनु भयो।

उहाँले कोभिड-१९ को अवस्थामा हामी पीडित भएकाले सहजिकरण गर्नका लागि लकडाउन भएपनि सरकारसँग समन्वय गरेर अमलेखगञ्जमा आउनका लागि अनुरोध गर्नु भयो।

वडा नं २२ का वडा अध्यक्ष मनिक लामा थिङ्गले स्वास्थ्य क्षेत्रमा रहेका समस्या समाधान गर्न सहकार्यको जरुरी रहेको बताउनु भयो।

करैयमाइ गाउँपालिका-८ बेलाहीमा १ सय ४२, नरहीमा ६७, ईटहरमा १ सय १०, सिरिसयामा १ सय १३, सानोटोल सिरसिया र औनियामा १ सय २९ गरि कुल ५ सय ६२ परिवारलाई राहत वितरण बैशाख ३ गते गरेको वडा अध्यक्ष सुरेन्द्र साहले बताउनु भएको छ। उहाँले राहतमा चार सदस्य सङ्ख्या रहेको प्रति परिवारलाई १ हजार ४ सय ४५ रुपियाँ र चार भन्दा बढि सदस्य सङ्ख्या रहेको प्रति परिवारलाई १ हजार ६ सय ५५ रुपियाँका दरले राहत वितरण गरेको बताउनु भयो। राहत वितरण कार्यमा संलग्न लक्षित समूह पहिचान तथा राहत वितरण समितिका सदस्यहरू नेकपा नेता दिनेश चौधरी, नेपाली कांग्रेसका नेता सुकदेव पण्डित कुम्हार, समाजवादी पार्टीका नेता जोगेन्द्र पण्डित लगायत गंजभवानीपुर प्रहरी चौकी इन्चार्ज रूद्र श्रेष्ठ, करैयामाई गाउँपालिका अध्यक्ष श्री भुनेश्वर धामी र करैयामाई गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बिरेन्द्र महतोले सहयोग गरेको बताउनु भयो।

करैयामाई गाउँपालिकाका अध्यक्ष भुनेश्वर धामीको अध्यक्षतामा बैशाख ३ गते कार्यालयमा बसेको बैठकले आर्थिक वर्ष ०७६/०७७ को वडा स्तरीय एक योजना काटेर राहत वितरण कार्यमा लगाउने निर्णय भएको बताउनु भयो। उहाँले लकडाउनबाट प्रभावित अतिविपन्न वर्गका घरपरिवारलाई राहत वितरण गर्न रकमको व्यवस्था गर्नका लगि निर्णय गर्नु परेको बताउनु भयो।

बिहानैदेखि परिरहेको पानीको कारण सुवर्ण गाउँपालिकाको राहत वितरण कार्यक्रम रोकिएको गाउपालिकाका अध्यक्ष महेन्द्र राय यादवले बताउनु भएको छ।

विश्वमा फैलँदै गएको कोरोना भाइरस (कोभिड-१९) को सम्भावित सङ्क्रमणलाई ध्यानमा राखी सरकारले गरेको लकडाउनका कारण कलैया उमनपा-१० मा अतिप्रभावित घरपरिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष शंकर गुप्ताले बताउनु भयो। उहाँले वडाका १ हजार २ घरधुरीलाई राहत वितरणमा चामल १५ किलो, आलु पाँच किलो, दाल एक किलो, नुन एक किलो र खानेतेल आधा लिटर वितरण गरिएको बताउनु भएको छ।

महागढीमाई नपा-४ का अतिविपन्न ८ सय ५० घरपरिवारलाई राहत वितरण गरेको अध्यक्ष कृष्ण मुरारी यादवले बताउनु भएको छ। अतिविपन्न घरपरिवारलाई चामल १५ किलो, दाल दुई किलो, नुन एक किलो, खानेतेल आधा लिटर वितरण गरेको वडा अध्यक्ष यादवले बताउनु भयो।

बिश्रामपुर गाउँपालिका-३ का ४ सय ५० अतिविपन्न घरपरिवारलाई राहत वितरण गरिएको अध्यक्ष शिवचन्द्र यादवले बताउनु भएको छ। उहाँले अतिविपन्न घर परिवारलाई चामल ३० किलो, दाल तीन

किलो, नुन दुई किलो, खानेतेल दुई लिटर, साबुन चार ओटा, चिनी दुई किलो वितरण गरेको बताउनु भयो ।
बिश्रामपुर गाउँपालिका-२ का अतिविपन्न ४ सय ९५ घरपरिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष अजयप्रसाद गुप्ताले बताउनु भएको छ । उहाँले अतिविपन्न घरपरिवारलाई चामल ३० किलो, दाल तीन किलो, नुन दुई किलो, खाने तेल दुई लिटर, साबुन चार ओटा, चिनी दुई किलो वितरण गरेको बताउनु भयो ।
प्रसौनी गाउँपालिका-६ का ३ सय २५ अतिविपन्न घरपरिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष बृजकिशोर कुशवाहाले बताउनु भएको छ । उहाँले अतिविपन्न घर परिवारलाई चामल २० किलो, दाल एक किलो, नुन एक किलो, साबुन दुई ओटा, मास्क एक पिस वितरण गरेको बताउनु भयो ।
प्रसौनी गाउँपालिका-५ का अतिविपन्न ३ सय २४ घरपरिवारलाई राहत वितरण गरिएको वडा अध्यक्ष सनै साहले बताउनु भएको छ। उहाँले चामल २० किलो, दाल एक किलो, नुन एक किलो, साबुन दुई ओटा, मास्क एक पिस वितरण गरेको बताउनु भयो ।
प्रसौनी गाउँपालिका-२ का ३ सय ६३ अतिविपन्न घरपरिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष सुरेन्द्र कुमार गुप्ताले बताउनु भएको छ । उहाँले चामल २० किलो, दाल एक किलो, नुन एक किलो, साबुन दुई ओटा, मास्क एक पिस वितरण गरेको बताउनु भयो ।
**पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार पर्सामा स्थानीय प्रशासनले अत्यावश्यक सामग्रीहरू किनमेलका लागि बैशाख ४ गते बाट बिहान ७:०० बजेसम्मको मात्र समय दिएको छ । अत्यावश्यक सामग्रीहरू जस्तै दुध, ग्याँस, खाद्य, किराना लगायतका पसल मात्र बिहान ७ बजेसम्म खोल्न पाइने जिल्ला प्रशासन कार्यालय पर्साले बैशाख ३ गते एक सूचना जारी गरी जनाएको छ ।
यस्ता पसलहरू बिहान सबेरै जतिसक्दो चाँडो खोलेर बिहान ७ बजेसम्म मात्र सञ्चालन गर्न सकिने जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । यी पसल बाहेक अन्य कुनै पसल खोल्न नपाइने तर औषधी पसल भने २४ सै घण्टा खुल्ला रहन सक्ने सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले जानकारी दिनु भयो ।
अत्यावश्यक सामग्रीका पसल सञ्चालन गर्दा साँगुरा गल्ली, ठेलागाडा र चोकमा सञ्चालन गर्न नपाइने बस्नेतले बताउनु भयो । पसल सञ्चालन गर्दा तीन फिटको दुरी कायम गरी लाइन व्यवस्थापन गरेर विक्री वितरण गर्न व्यवसायीलाई प्रशासनले निर्देशन दिएको छ । अन्यथा, सङ्क्रामक रोग ऐन २०२० बमोजिम कारवाही हुने जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।
साथै, किनमेल गर्दा व्यवसायी र ग्राहकले अनिवार्य रूपमा मास्क लगाउनु पर्ने सूचनामा उल्लेख छ । खुल्ला स्थानमा तरकारी र फलफुल विक्री वितरण नगर्न तर होम डेलिभरी गर्न चाहे त्यसलाई प्रोत्साहन गरिने कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ ।
**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**